# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असोज ३१ गते २०६३ साल (अतिरिक्ताङ्क ४०

## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

माननीय महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री श्री उर्मिला अर्याल चीनको बेइजिङ्गमा हुने विकासोन्मुख राष्ट्रको गरिबी घटाउने विषयको अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिने सिलसिलामा मिति २०६३।६।२९ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय सूचना तथा सञ्चार एवं वन तथा भू-संरक्षण राज्य मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले सम्हाल्ने गरी तोक्नु भएको छ ।

### सूचना २

माननीय शिक्षा तथा खेलकूद मन्त्री डा. मङ्गलसिद्धि मानन्धर चीनको बेइजिङ्गमा हुने Education Forum For Asia को वार्षिक सम्मेलनमा भाग लिने सिलसिलामा मिति २०६३।६।३१ गते त्यसतर्फ प्रस्थान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएका शिक्षा तथा खेलकूद र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रदीपकुमार ज्ञवालीले सम्हाल्ने गरी तोक्नु भएको छ ।

आज्ञाले,
डा. भोजराज घिमिरे
मुख्य सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द्र.व नं. १६।२०६२।६३

६२९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार